नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

( स्थानीय तह समन्वय शाखा )

सिंहदरबार, काठमाण्डौं
फोन नं.-४२००५११/४२००३०४
मिति : २०७७।०३।१०

पत्र संख्याः२०७६/७७
चलानी नं.: ५६८

विषयः राष्ट्रिय भिटामिन 'ए' कार्यक्रमको लागि समन्वय गरिदिने सम्बन्धमा ।

श्री स्थानीय तह (सबै)

प्रस्तुत विषयमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको च.नं. ६२८ मिति २०७७/०३/१० को राष्ट्रिय भिटामिन 'ए' कार्यक्रमको लागि समन्वय गरिदिने सम्बन्धी पत्र र सो पत्र साथ प्राप्त कोभिड१९ महामारीको सन्दर्भमा राष्ट्रिय भिटामिन 'ए' कार्यक्रम संचालन सम्बन्धी अन्तरीम निर्देशिका, २०७७ यसैसाथ संलग्न छ । व्यहोरा अवगत गरी आवश्यक समन्वय हुन आदेशानुसार अनुरोध छ ।

चिरन्जीवी नेपाल
शाखा अधिकृत

बोधार्थः
श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, सिंहदरबार ।
श्री सूचना तथा प्रविधि शाखाः वेभसाइटमा अपलोड गरिदिनु हुन ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
नीति तथा योजना शाखा

☎ ४२६२७३७६
रामशाहपथ
काठमाडौं

प.सं.: ०७६।७७
च. नं.: 628

मिति: २०७७/०३/१०

श्री संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
स्थानीय तह समन्वय शाखा,
सिंहदरबार, काठमाडौं ।

विषय : राष्ट्रिय भिटामिन ए कार्यक्रम संचालनको लागी समन्वय गरिदिने सम्बन्धमा ।

प्रस्तुत विषयहरुमा नेपालमा राष्ट्रिय भिटामिन ए कार्यक्रम मार्फत ६ देखि ५९ महिनाका बालबालिकाहरुलाई भिटामिन ए क्याप्सुल र १ देखि ५ वर्ष सम्मका बालबालिकाहरुलाई जुकाको औषधि र ६ देखि २३ महिनाका बालबालिकाहरुलाई बहुसुक्ष्म पोषक तत्व- बालभिटा कार्यक्रम लागू भएका जिल्लाहरुमा वितरण हुँदै आइरहेकोमा चालु आ.व. २०७६।७७ को पहिलो चरण (२०७६ कातिक २ र ३ गते) को भिटामिन ए तथा जुकाको औषधि आम वितरण कार्यक्रम सफलता पूर्वक संचालन भएको र दोस्रो चरणमा सम्पन्न गर्नु पर्ने राष्ट्रिय भिटामिन ए कार्यक्रमको निर्धारित समय यही २०७७ बैशाख ६ र ७ गते रहेकोमा कोभिड–१९ को विश्वव्यापी महामारीको विषम परिस्थितीले देशमा बन्दाबन्दि भई स्थगन गरिएकोमा दोस्रो चरणको राष्ट्रिय भिटामिन-ए कार्यक्रम चालु आ.व.मा नै सम्पन्न गरि बाल - बालिकाहरुमा हुन सक्ने स्वास्थ्य जटिलता तथा कुपोषणको जोखिम न्यून गर्न अत्यावश्यक रहेकोले स्थानीय तहहरुमा कोभिड–१९ को जोखिमबाट सुरक्षित रहने उपायहरु अवलम्बन गर्दै युनिसेफ, सुहाआरा दोस्रो तथा अन्य साझेदार सस्थाहरुको सहयोग लिई तथा संघिय सरकारबाट पोषण कार्यक्रममा रहेको पोषण मैत्री स्वास्थ्य सस्था घोषणाको बजेट खर्च गरि कोभिड १९ को सन्दर्भमा राष्ट्रिय भिटामिन -ए कार्यक्रम संचालन अन्तरिम निर्देशिका अनुसार दोस्रो चरणको राष्ट्रिय भिटामिन ए कार्यक्रम मिति २०७७ असार २२ र २३ गते संचालन गर्न सबै स्थानिय निकायहरुमा समन्वय गरिदिनुहुन यस मन्त्रालय (सचिवस्तर) मिति २०७७/०३/१० को निर्णयानुसार अनुरोध छ।

सूर्यबहादुर खड्का
तथ्यांक अधिकृत

सादर अवगतार्थ:
श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय,
सिंहदरबार, काठमाडौं ।

बोधार्थ:
श्री सामाजिक विकास मन्त्रालय, सातै प्रदेश ।
श्री प्रादेशिक स्वास्थ्य निर्देशनालय सातै प्रदेश ।
श्री प्रदेश स्वास्थ्य आपूर्ती व्यबस्थापन केन्द्र ।
श्री स्थानीय निकाय, ७५३ वटै ।

Scanned with CamScanner

## कोभिड १९ महामारीको सन्दर्भमा राष्ट्रिय भिटामिन 'ए' कार्यक्रम सञ्चालन सम्बन्धी अन्तरीम निर्देशिका २०७७

(मिति २०७७ ०३ १० मा नेपाल सरकार (माननीय मन्त्रि स्तरिय निर्णय) बाट स्वीकृत)

### पृष्ठभुमि

कोभिड १९ को महामारी बढ्दै गएसँगै विभिन्न स्वास्थ्य तथा पोषण सेवा प्रवाहको मोडालिटि र प्रोटोकलहरु पनि संक्रमणबाट बच्ने सावधानी सहित परिमार्जन गर्दै जानु पर्ने आवश्यकता छ । त्यसै सन्दर्भमा भिटामिन 'ए' को लागि विश्वव्यापि सन्जाल (GAVA) मा सम्बद्ध सहयोगी संस्थाहरुले सन् २०२० को अप्रिल ७ मा कोभिड १९ महामारीको सन्दर्भमा जारी गरेको सहमत वक्तव्य समेतका आधारमा कोभिड १९ को सन्दर्भमा राष्ट्रिय भिटामिन ए कार्यक्रमसम्बन्धी वितरण निर्देशिकाको आवश्यकता देखिएको छ ।

६ देखि ५९ महिनाका बालबालिकाहरुको सूक्ष्मपोषण स्थितिलाई मजबुद बनाइ राख्न र उनीहरुलाई दादुरा तथा झाडापखालाको प्रकोपबाट बचाउने कार्यमा सहयोग गर्न यस उमेर समूहका बालबालिकाहरुलाई भिटामिन 'ए' को क्याप्सुल वितरण गर्ने र जुकाको औषधि खुवाउने कार्य गर्नु जरुरी हुन्छ । कोभिड १९ को महामारीको सन्दर्भमा ६ देखि ५९ महिनाका बालबालिकाहरुलाई एकै स्थानमा धेरै संख्यामा जम्मा गर्ने कार्य संक्रमण सर्ने जोखिमका दृष्टिले उपयुक्त हुदैन । यस विषयलाई मध्यनजर गरी कोभिड १९को सन्दर्भमा भिटामिन 'ए' क्याप्सुल स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तोकेको मितिमा वितरण गर्ने गरि यस **कोभिड १९ महामारीको सन्दर्भमा राष्ट्रिय भिटामिन 'ए' कार्यक्रम सञ्चालन सम्बन्धी अन्तरीम निर्देशिका २०७७** जारी गरेको छ ।

### उद्देश्य

यस अन्तरीम निर्देशिकाको उद्देश्य कोभिड १९ को महामारीको सन्दर्भमा संघ, प्रदेश तथा स्थानीय तहहरुको समन्वय तथा सहकार्यमा ६ महिना देखि ५९ महिनासम्मका बालबालिकाहरुलाई भिटामिन 'ए' क्याप्सुल र १२ महिनादेखि ५९ महिनासम्मका बालबालिकाहरुलाई भिटामिन ए क्याप्सुलका साथै जुकाको औषधि खुवाउन आवश्यक प्राविधिक तथा व्यावस्थापकिय मार्गदर्शन गर्नु हो ।

### भिटामिन ए क्याप्सुल र जुकाको औषधी वितरण विधि

(१) स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तोकेको मितिमा देशभर राष्ट्रिय भिटामिन ए कार्यक्रम सञ्चालन गर्ने । यदि तोकिएको मितिमा कुनै स्थानीय तहमा कोभिड १९ को संक्रमणका कारणले भिटामिन ए क्याप्सुल र जुकाको औषधी खुवाउन सम्भव छैन भने सम्बन्धित स्थानीय तहले प्रदेश तथा संघसँग समन्वय गरि चालु आर्थिक वर्ष २०७६/२०७७ भित्रै पर्ने गरि उपयुक्त मिति तोक्न सक्नेछ ।

(२) महिला स्वास्थ्य स्वयंसेविकाले नेपाल जनस्वास्थ्य मापदण्ड, २०७७ समेतलाइ अनुशरण गर्दै ६ देखि ५९ महिनाका बालबालिकाहरुलाई भिटामिन 'ए' को क्याप्सुल र जुकाको औषधि खुवाउने कार्य गर्नु पर्नेछ ।

(३) सबै स्थानीय तहका स्वास्थ्य शाखाहरुले वितरण गर्ने दिन भन्दा अगावै भिटामिन 'ए' क्याप्सुल र अल्बेन्डाजोल चक्की महिला स्वास्थ्य स्वयंसेविकाहरु कहा पुगेको सुनिश्चित गर्नु पर्नेछ ।

(४) सबै महिला स्वास्थ्य स्वयंसेविकाहरुले भिटामिन 'ए' क्याप्सुल र जुकाको औषधी वितरण गर्ने दिन, समय र स्थान बारे जानकारी दिन र बालबालिकाहरुलाई भिटामिन 'ए' को क्याप्सुल र अल्बेन्डाजोल चक्की वितरण गर्ने केन्द्रसम्म ल्याउनका लागि स्वास्थ्य आमा समूहलाई परिचालन गर्न सक्नेछन् ।

(५) सबै महिला स्वास्थ्य स्वयंसेविकाहरुले निम्न उल्लेखित तरीका अवलम्बन गर्नु पर्नेछ ।

(क) सामाजिक दूरी कायम गर्ने कुरालाई मध्य नजर गरि भिटामिन 'ए' क्याप्सुल र जुकाको औषधी खुवाउने केन्द्रको निर्धारण वितरण गर्ने दिन अगावै गर्ने ।

(ख) हरेक केन्द्रमा भिडभाड नहोस भन्नाका खातिर प्रति घण्टा १० जनामात्र बालबालिका उपस्थित हुने गरि व्यवस्था मिलाउने ।

(ग) महिला स्वास्थ्य स्वयंसेविकाहरुले भिटामिन 'ए' को क्याप्सुल र जुकाको औषधि वितरणको अभिलेख रजिष्टरमा राख्ने र सम्बन्धित स्वास्थ्य संस्थामा प्रतिवेदन पेश गर्ने ।

Scanned with CamScanner

(घ) महिला स्वास्थ्य स्वयंसेविकाले भिटामिन ए क्याप्सुल काट्न प्रयोग गर्ने कैंचीलाई प्रत्येक पटक स्यानिटाइजरले निर्मलीकरण गर्नु पर्दछ ।

(ङ) महिला स्वास्थ्य स्वयंसेविकाले निम्न मार्गदर्शन अनुसार भिटामिन ए क्याप्सुल र जुकाको औषधि खुवाउने ।

## भिटामिन 'ए' को मात्रा र खुवाउने तरिका

६ देखि ५९ महिनाका बालबालिकालाई उनीहरूको उमेर अनुसार दुई समूहमा विभाजन गरी भिटामिन 'ए' को क्याप्सुल खुवाउनुपर्छ ।

(१) **६ देखि ११ महिनाका बालबालिकाहरु** : ६ देखि ११ महिनाका बालबालिकाहरूलाई १००,००० अन्तर्राष्ट्रिय एकाइ बराबरको भिटामिन ए खुवाउनुपर्छ । यसका लागि भिटामिन ए क्याप्सुलबाट भिटामिन 'ए' पूरै ननिस्किएसम्म एक थोपा बच्चाको मुखमा खसाउने र अर्को थोपा नजिकै राखिएको टोकरी वा भाँडोमा खसाल्नुपर्छ ।

(२) **१२ देखि ५९ महिनाका बालबालिकाहरु** : १२ देखि ५९ महिनाका बालबालिकाहरूलाई २००,००० अन्तर्राष्ट्रिय एकाइ बराबरको वा पूरै एक क्याप्सुल भिटामिन 'ए' खुवाउनु पर्दछ ।

## जुकाको औषधिको मात्रा र खुवाउने तरिका

(१) **१२ देखि २३ महिनाका बालबालिकालाई अल्बेन्डाजोल चक्कीको आधा टुक्रा (२०० मि ग्रा ) दिने ।**
महिला स्वास्थ्य स्वयंसेविकाले १२ देखि २३ महिनाका बालबालिकाको अभिभावकलाई अल्बेन्डाजोल चक्कीको आधा टुक्रा ( २०० मि ग्रा ) दिने र आफ्नो प्रत्यक्ष निगरानीमा अभिभावकले बालबालिकालाई उक्त चक्की चुस्न चपाउन लगाउने । बालबालिकाले यस्तो चक्की पूरै खाए नखाएको एकिन गर्नु पर्दछ ।

(२) **२४ देखि ५९ महिनाका बालबालिकालाई अल्बेन्डाजोल चक्कीको पुरै चक्कि (४०० मि ग्रा ) दिने ।**
महिला स्वास्थ्य स्वयंसेविकाले अल्बेन्डाजोलको पुरै चक्की (४०० मि ग्रा ) २४ देखि ५९ महिनाका बालबालिकाको अभिभावकलाई दिने र आफ्नै प्रत्यक्ष निगरानीमा अभिभावकले आफ्ना बालबालिकालाई यो चक्की चुस्न चपाउन लगाउने । बालबालिकाले यस्तो चक्की पूरै खाए नखाएको एकिन गर्नु पर्दछ ।

(६) राष्ट्रिय भिटामिन ए कार्यक्रमको लागि २ दिनको समय निर्धारण गरिएको छ र सोहि अवधिभित्र कार्यक्रम सम्पन्न गर्नु पर्नेछ । विशेष परिस्थितिमा अवस्थालाई विश्लेषण गरि सम्बन्धित स्थानीय तहले निर्णय गर्न सक्नेछ ।

(७) राष्ट्रिय भिटामिन ए कार्यक्रमको प्रोटोकलअनुसार ४२ दिनभित्रका सुत्केरी महिलाहरुका लागि तथा अन्य अवस्थामा उपचार प्रयोजनका लागि दिइने भिटामिन ए क्याप्सुल वितरणलाई प्रोटोकलअनुसार नै निरन्तरता दिनु पर्दछ ।

(८) राष्ट्रिय भिटामिन ए कार्यक्रमको अवसरमा बालभिटा कार्यक्रम लागु भएका जिल्लाहरुमा महिला स्वास्थ्य स्वयंसेविकाहरुले ६ देखि २३ महिनासम्मका बालबालिकाहरुलाई बालभिटा पनि वितरण गर्नु पर्दछ ।

(९) भिटामिन ए क्याप्सुल र जुकाको औषधी वितरण अभियानमा पोषण क्षेत्रमा काम गर्ने सबै सरोकारवाला संघ संस्थाहरुले सहयोग गर्नु पर्नेछ ।

(१०) माथि जे सुकै लेखिएता पनि यदि कुनै पनि ६ देखि ५९ महिनाका बालबालिका वा उनको अभिभावकमा कोभिड १९ सँग सम्बन्धित लक्षण देखिएमा उनीहरुलाई भिटामिन 'ए' को क्याप्सुल वितरण केन्द्रमा नआउन सूचित गर्नु पर्नेछ । यस्ता बालबालिका तथा उनीहरुका अभिभावकहरु अविलम्ब नजिकको स्वास्थ्य चौकीमा थप परामर्श तथा सेवाका लागि जानुपर्नेछ । यस्ता बालबालिकाहरुलाई सम्बन्धित स्वास्थ्य संस्थाले नै राष्ट्रिय प्रोटोकलअनुसार भिटामिन ए क्याप्सुल र जुकाको औषधी खुवाउनु पर्नेछ

Scanned with CamScanner